# प्रेस विज्ञप्ति

यही २६ अप्रिल-०१ मे,२०१६ को अबधिमा यस उप-महानगरपालिका प्रमूख तथा कार्यकारी अधिकृत श्री महेश बरालको मित्र राष्ट्र चिन भ्रमणको क्रममा यस उ.म.न.पा. र चीनका बिभिन्न शहरहरु बीच सम्बन्ध स्थापना गर्ने सन्दर्भमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ | नेपालको पोखरा उप-महानगरपालिका संग मित्रवत सम्बन्ध कायम गरेको भरतपुर उप-महानगरपालिकाको हालसम्म कुनै बिदेशी शहर \ नगरपालिका संग भगिनी सम्बन्ध स्थापना हुन नसकेको पृष्ठभूमिमा यो भ्रमणले येस्तो मित्रवत सम्बन्धको ठोस आधार तयार परेको छ |

यस क्रममा Geermu City, Hi sea, Qinghai, PR China संग भगिनी सम्बन्ध स्थापनाको सहमति भएको छ | उक्त शहरका मेयर Zhang Hai Jun को नेतृत्वको टिम संग यस भरतपुर उमनपा प्रमुख तथा कार्यकारी अधिकृत महेश बरालको नेतृत्वको टिमले २८ अप्रिलमा गरेको दुई पक्षिय बार्तामा यि दुई शहरहरु बीच निकट भबिष्यमा भगिनी सम्बन्ध स्थापित गर्ने सहमति भएको छ | यस प्रयोजनको लागि उक्त शहरका मेयर को नेतृत्वमा निकट भबिस्यमा एक प्रतिनिधि मण्डलले नेपाल (भरतपुर) को भ्रमण गर्ने पनि समझदारी बनेको छ | सो शहर संग भगिनी सम्बन्ध स्थापना गर्न यस उप-महानगरपालिका ले नेपाल सरकार संग अनुमति समेत माग गरि सकेको अवस्था छ |

Geermu City, Hi Sea- Prefecture को एक  भाग हो | यहाको जनसंख्या ३ लाख  रहेको छ भने  १२००० वर्ग कि मि मा फैलिएको विभिन्न स्थानमा छरिएको औद्योगिक क्षेत्र रहेको छ र उक्त सहर प्राकृतिक श्रोत र संचार प्रबधिको माध्यम बाट तिब्र बिकाश को क्रममा रहेको छ | तिबत्तियन प्लेटू अन्तर्गतको यो शहर उर्बर भूमिको रुपमा समेत  रहेको छ | नुन प्रसोधन को संसारकै ठुलो केन्द्रको रुपमा समेत यो शहर परिचित छ | यसका साथै चीनकै चौथो ठुलो तेल प्रसोधन केन्द्र पनि यसै शहरमा अबस्थित छ | Xining लाई लाशा जोड्ने रेलमार्गमा पर्ने यो शहर भरतपुरको मात्रै होइन नेपालकै बिकाशमा महत्वपूर्ण साबित हुन सक्ने देखिन्छ | यो शहरले सूचना तथा संचार प्रविधिको माद्ध्यमबाट चीनको प्रमुख तथा ठुला शहरहरुमा राम्रो सम्बन्ध विस्तार गर्न सफल भएको छ |

यसै गरि २९,अप्रिल २०१६ मा Xining Municipality र भरतपुर उप-महानगरपालिका बीच मैत्री शहर स्थापनाको लागि उक्त शहरका उप-मेयर Xu Guocheng र भरतपुर उप-महानगरपालिका प्रमूख तथा कार्यकारी अधिकृत महेश बराल ले सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको छ | Xining Municipality Quaghai provenceको राजधानी शहर हो | यो शहर  Chinese-Tibetan Platue मा पर्दछ | २.३१ मिलियन जनसंख्या रहेको यस  शहरमा २००० वर्ष पुराना मन्दिर तथा गुम्बाहरु रहेको छ | ७६४० वर्ग कि.मी. क्षेत्रफ़ल मा फैलिएको यो शहर पक्ष्चिम चीनको

महत्वपूर्ण शहर हो | आर्थिक बिकाश को आधारको रुपमा खानी तथा खनिज पदार्थ, लिथियम, सिमेन्ट र कार्पेट उद्योगहरु यस शहरमा रहेका छन |

यस शहरको १८ विभिन्न शहर संग भगिनी सम्बन्ध रहेको छ| यस ले नेपाल को भरतपुर लगाएत ललितपुर संगको सम्बन्ध लाई महत्व दिएको छ भने ललितपुर (पाटन) उ.म.न.पा. यस अघिनै उक्त शहरको भगिनी शहरको रुपमा रहेको छ|

उक्त भ्रमण कार्यक्रमको China-Nepal Chambar of Commerce, Lalitpur Chapter ले समन्वय गरेको थियो | समग्रमा उक्त भ्रमण कार्यक्रम यस उप-महानगरपालिकाको आर्थिक, सामाजिक,सास्कृतिक तथा पर्यटकीय बिकाशको दृस्टीकोणले महत्वपूर्ण तथा फलदायी रहेको समेत जानकारी गराइएको छ |

महेस बराल

प्रमूख तथा कार्यकारी अधिकृत